# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङ्वगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. (कापा निर्णय)/२०७७/०७८
च.नं. १६५८

मितिः २०७८/०२/३०

**विषयः निर्णय कार्यान्वय सम्बन्धमा ।**

**श्री गाउँपालिकाबासी सबै ।**
**श्री वडा कार्यालयहरु/स्वास्थ्य चौकी/सामुदायिक स्वास्थ्य इकाई/सेवा केन्द्र सबै ।**
**श्री निजी/सामुदायिक विद्यालयहरु सबै ।**
**श्री बैंक तथा वित्तीय संस्थाहरु सबै ।**

प्रस्तुत विषयमा भूमे गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७८।०२।३० गते बसेको बैठकबाट भूम्या पर्व र कोभिड १९ जोखिम न्यूनिकरणका लागि सतर्कता सम्बन्धमा देहाय बमोजिम निर्णय भएकोले निर्णयका सम्बन्धमा आवश्यक सहयोग तथा कार्यान्वयनका लागि अनुरोध छ ।

**कार्यपालिका बैठकको निर्णयः**

"मगरहरुको मुख्यपर्व भूम्या पर्वको अवसरमा अघिल्ला वर्षहरुझैं आगामी जेठ मसान्त र असार सक्रान्ति (जेठ ३१ गते र असार १ गते)का दिन स्थानीय बिदा दिने र भूम्या पर्व मनाउँदा हाल महामारीको रुपमा फैलिएको नयाँ भेरिन्टसहितको कोभिड १९ संक्रमण जोखिमलाई मध्यनजर गर्दै सामाजिक दूरी कायम गरेर, सामूहिक नाचगान र जमघट नगरेर चलिआएको परम्परा बमोजिम पूजा मात्र गरेर मनाउन आम भूमेबासीमा अनुरोध गर्ने ।"

२०७८।२।३०

..............................
(चन्द्रसिंह श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत

C:\Users\chandra\Google Drive\गाउँ कार्यपालिका\कार्यपालिका बैठक २०७७।०७८\कापा निर्णय कार्यान्वयन.docx